आज मिति २०८० साल फाल्गुण ११ गतेका दिन शारदा नगरपालिकाका नगर प्रमुख श्री प्रकाश भण्डारीको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णयहरु गरियो।

तपसिल

| | | |
|---|---|---|
| [signature] | श्री प्रकाश भण्डारी | नगर प्रमुख शारदा नगरपालिका सल्यान |
| [signature] | श्री खगिता सापकोटा | नगर उप प्रमुख " – " – " – " |
| [signature] | श्री प्रदिप पाण्डेय | वडाध्यक्ष वडा नं. १ " – " – " |
| [signature] | श्री सविन हमाल | " – " – २ " – " – " |
| [signature] | श्री तुलसा भण्डारी | " – " – ३ " – " – " |
| [signature] | श्री किशोर कुमार हमाल | " – " ४ " – " – " |
| [signature] | श्री प्रदिप शाही | " – " ५ " – " – " |
| [signature] | श्री भिमराज बुढाथोकी | " – " ६ " – " – " |
| [signature] | श्री लिला बहादुर रोका | " – " ७ " – " |
| | श्री लक्ष्मण बुढाथोकी | " – " ८ " – " – " |
| [signature] | श्री हेमेन्द्र कुमार बुढाथोकी | " – " ९ " – " – " |
| [signature] | श्री कृष्ण बहादुर बोहरा | " – " १० " – " – " |
| [signature] | श्री राजेश कुमार शर्मा | " – " ११ " – " – " |
| [signature] | श्री सुरेन्द्र बुढा | " – " १२ " – " – " |
| [signature] | श्री ओम बहादुर बुढा | " – " १३ " – " |
| [signature] | श्री प्रकाश पुन | " – " १४ " – " |
| [signature] | श्री लोकनाथ बुढाथोकी | " – " १५ " – " – " |
| [signature] | श्री रत्ना कुमारी थापा | नगर कार्यपालिका सदस्य |
| [signature] | श्री मञ्जु परियार | " – " – " – " |
| [signature] | श्री भगवती बोहरा | " – " – " |
| [signature] | श्री इन्द्रा कुमारी डाँगी | " – " – " |
| [signature] | श्री पुष्पा रेग्मी | " – " – " |
| [signature] | श्री गोमा पोखरेल | " – " – " |
| [signature] | श्री प्राज कुमार राई | " – " – " |
| | श्री दिपक विश्वकर्मा | " – " – " |
| | श्री लुट बहादुर बुढाथोकी | कि. वा. वडाध्यक्ष वडा नं. ८ " |
| [signature] | श्री ओम प्रकाश देवकोटा | सचिव " – " |

प्रमुख प्रशासकीय अधिकृत

[signature]

**कार्यपालिका बैठक संख्या नं. ४३** **स्थानः नगरपालिका भवन** **मिति २०८१/११/११ गते**

**समयः दिउँसो १:०० बजे**

**प्रस्तावहरुः**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. कानून स्वीकृत सम्बन्धमा।
३. कर्णाली प्रदेश सरकार समक्ष समपुरक तथा विशेष अनुदान कार्यक्रम पेश गर्ने सम्बन्धमा।
४. संघीय समानीकरण अनुदानका सन्दर्भमा भएको परिपत्र सम्बन्धमा।
५. "घ" वर्गको इजाजत पत्र जारी गर्ने सम्बन्धमा।
६. दिगो विकास लक्ष्य निर्देशक समिति गठन सम्बन्धमा।
७. स्थानीय विकास समस्या समाधान समिति गठन सम्बन्धमा।
८. स्थानीय खाद्य समन्वय समिति गठन सम्बन्धमा।
९. किसान सूचीकरण कार्यक्रम कार्यान्वयन तथा समन्वय समिति गठन गर्ने सम्बन्धमा।
१०. स्थानीय बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन सम्बन्धमा।
११. आन्तरिक नियन्त्रण प्रणाली अनुगमन समिति गठन सम्बन्धमा।
१२. एम्बुलेन्स खरीदको लागि अग्रिम भुक्तानी दिने सम्बन्धमा।
१३. कृषि विकास रणनीतिक गुरुयोजनाको प्रस्तुती सम्बन्धमा।
१४. विविध खर्च व्यवस्थापन सम्बन्धमा।
१५. एम्बुलेन्स सञ्चालन अनुमति पत्र लिने तथा राजश्व छुट सम्बन्धमा।
१६. ज्यालादारीमा कर्मचारी नियुक्ति गर्ने सम्बन्धमा।

प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८१ फाल्गुन ११ गते**

CamScanner

**निर्णय नं. १**

शारदा नगर कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो।

**निर्णय नं. २**

कार्यपालिकाको ४२ औं बैठकले राय सहित यस कार्यपालिका बैठकमा पेश गर्ने गरी विधेयक समितिमा पठाएको तपसीलमा उल्लेखित कानून प्राप्त राय सुझाव सहित स्वीकृत गर्ने निर्णय गरियो।

(१) गैरसरकारी संस्था समन्वय, परिचालन तथा अनुगमन सम्बन्धी निर्देशिका, २०८१

(२) लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०८१

त्यसैगरी तपसीलमा उल्लेखित कार्यविधि अर्को कार्यपालिका बैठकमा राय सल्लाह सहित पेश गर्ने गरी विधेयक समितिमा पठाउने निर्णय गरियो।

(१) "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०८१

**निर्णय नं. ३**

कर्णाली प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय, वीरेन्द्रनगर, सुर्खेतबाट आ. व. २०८२/८३ का लागि यही मिति २०८१ फाल्गुन ७ गते प्रकाशित सूचना बमोजिम प्रदेश समपुरक तथा विशेष कार्यक्रम तर्फ तपसीलका आयोजनाहरु माग गर्नुका साथै समपुरक तर्फका आयोजनामा ५० (पचास) % रकम नगरपालिकाको तर्फबाट सहलगानी गर्ने प्रतिवद्दता जनाउने निर्णय गरियो।

तपसीलः

(क) समपुरक तर्फ

१. मार्के-खैराबाङ्ग-श्रीनगर कालोपत्रे सडक निर्माण - रु. १ करोड

२. शान्तिनगर-रेशसज्यूला-मूलडाँडा सडक निर्माण - रु. १ करोड

३. बरला-माल्नेटा सडक निर्माण - रु. १ करोड

(ख) विशेष तर्फ

१. फोहरमैला व्यवस्थापन कार्यक्रम - रु. १५० लाख

**निर्णय नं. ४**

महालेखा नियन्त्रकको कार्यालयको च. न. ४७ मिति २०८१/१०/२८ को वित्तीय समानीकरण अनुदान हस्तान्तरण सम्बन्धी स्थानीय तहलाई तेस्रो किस्ता वापत विनियोजित रकमको १३.२४ प्रतिशतले हुन आउने रकम मात्र हस्तान्तरण गर्न गराउन भनी कोष तथा लेखा नियन्त्रक कार्यालयलाई भएको परिपत्रका बारेमा बैठकलाई जानकारी गराउनुका साथै अब उप्रान्त सोही आधारमा मात्र योजना तथा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

उद्योग तथा उपभोक्ता हीत संरक्षण कार्यालय, सल्यानले तपसीलको मितिमा दर्ता भएको निर्माण सम्बन्धी काम गर्ने फर्म प्रचलित कानून बमोजिम लाग्ने राजस्व रकम लिई नयाँ इजाजत जारी गर्ने निर्णय गरियो।

| सि न | फर्मको नाम | प्रा. फ. दर्ता नम्बर | उद्योग तथा उपभोक्ता हीत संरक्षण कार्यालय बाट जारी मिति | प्रोप्राइटरको नाम थर | कैफि. |
|---|---|---|---|---|---|
| १ | ए. एस. बि. निर्माण सेवा | ३६२९-०८१/८२ | २०८१/०८/२० | श्री अनिल भण्डारी शारदा- ३, सल्यान | |

कार्यपालिका बैठक मिति २०८१ फाल्गुन ११ गते

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ६**

दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिकाको बुँदा नं ५.३ अनुसार तपसील बमोजिमको पदाधिकारी रहेको दिगो विकास लक्ष्य निर्देशक समिति गठन गर्ने निर्णय गरियो।

| | |
|---|---|
| (१) नगर प्रमुख श्री प्रकाश भण्डारी | -संयोजक |
| (२) नगर उपप्रमुख श्री सुस्मिता सापकोटा सुनार | -उपसंयोजक |
| (३) प्रमुख प्रशासकीय अधिकृत श्री ओम प्रकाश देवकोटा | -सदस्य |
| (४) निजी क्षेत्रबाट श्री विनोद कुमार श्रेष्ठ | -सदस्य |
| (५) नागरिक समाजको तर्फबाट पुरूष श्री | -सदस्य |
| (६) नागरिक समाजको तर्फबाट महिला श्री | -सदस्य |
| (७) योजना शाखा प्रमुख श्री केशव बहादुर बुढाथोकी | -सदस्य सचिव |

**निर्णय नं. ७**

दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिकाको बुँदा नं ५.३ अनुसार तपसील बमोजिमको पदाधिकारी रहेको स्थानीय विकास समस्या समाधान समिति गठन गर्ने निर्णय गरियो।

| | |
|---|---|
| (१) नगर प्रमुख श्री प्रकाश भण्डारी | -संयोजक |
| (२) नगर उपप्रमुख श्री सुस्मिता सापकोटा सुनार | -उपसंयोजक |
| (३) प्रमुख प्रशासकीय अधिकृत श्री ओम प्रकाश देवकोटा | -सदस्य |
| (४) कार्यपालिका सदस्य दिपक विश्वकर्मा | -सदस्य |
| (५) कार्यपालिका सदस्य भगवती बोहरा | -सदस्य |
| (६) विषयगत शाखाका प्रमुखहरु | -सदस्य |
| (७) योजना शाखा प्रमुख श्री केशव बहादुर बुढाथोकी | -सदस्य सचिव |

**निर्णय नं. ८**

खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ दफा ३६ अनुसार देहायका पदाधिकारी रहेको स्थानीय खाद्य समन्वय समिति गठन गर्ने निर्णय गरियो।

| | |
|---|---|
| (१) नगर प्रमुख श्री प्रकाश भण्डारी | -अध्यक्ष |
| (२) नगर उपप्रमुख श्री सुस्मिता सापकोटा सुनार | -सदस्य |
| (३) प्रमुख प्रशासकीय अधिकृत श्री ओम प्रकाश देवकोटा | -सदस्य |
| (४) संयोजक, आर्थिक विकास र सामाजिक विकास समिति | -सदस्य |
| (५) विषयगत शाखा (शिक्षा, स्वास्थ्य र पशु सेवा) का प्रमुखहरु | -सदस्य |
| (६) कृषि विकास शाखा प्रमुख | -सदस्य सचिव |

**निर्णय नं. ९**

**कार्यपालिका बैठक मिति २०८१ फाल्गुन ११ गते**

ओमप्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

किसान सूचीकरण कार्यक्रम कार्यान्वयन कार्यान्वयन कार्यविधि, २०७७ को दफा १८ बमोजिम तपसीलका पदाधिकारीहरु रहेको किसान सूचीकरण कार्यक्रम कार्यान्वयन तथा समन्वय समिति गठन गर्ने निर्णय गरियो।

| | | |
|---|---|---|
| १. | नगर उपप्रमुख श्री सुस्मिता सापकोटा सुनार | अध्यक्ष |
| २. | प्रमुख प्रशासकीय अधिकृत श्री ओम प्रकाश देवकोटा | सदस्य |
| ३. | आर्थिक विकास समिति संयोजक श्री प्रकाश पुन | सदस्य |
| ४. | प्रतिनिधि, पशु अस्पताल तथा पशु विज्ञ केन्द्र, सल्यान | सदस्य |
| ५. | प्रतिनिधि, कृषि विकास कार्यालय, सल्यान | सदस्य |
| ६. | कृषि विकास शाखा प्रमुख | सदस्य |
| ७. | पशु सेवा शाखा प्रमुख | सदस्य - सचिव |

**निर्णय नं. १०**

बालिका तथा समावेशी शिक्षा सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी मापदण्ड, २०८० को बुँदा नं ९ मा उल्लेख भए अनुसार बालिका, अपाङ्गता भएका तथा सीमान्तीकृत बालबालिकाको शिक्षाको सुनिश्चिततामा पहुँच, सहभागिता र सिकाइ उपलब्धीमा सुधारका लागि योजना तर्जुमा तथा कार्यान्वयन सहजीकरणका लागि नगर प्रमुख श्री प्रकाश भण्डारी संरक्षक रहने गरी तपसीलका पदाधिकारी रहेको स्थानीय बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन गर्ने निर्णय गरियो।

| | | |
|---|---|---|
| १. | नगर उपप्रमुख श्री सुस्मिता सापकोटा सुनार | संयोजक |
| २. | प्रमुख प्रशासकीय अधिकृत श्री ओम प्रकाश देवकोटा | सदस्य |
| ३. | ६ नं वडाका अध्यक्ष श्री भिकराज बुढाथोकी | सदस्य |
| ४. | कार्यपालिका सदस्य श्री मञ्जु परियार | सदस्य |
| ५. | कार्यपालिका सदस्य श्री गोमा पोखे्रल | सदस्य |
| ६. | स्वास्थ्य शाखा प्रमुख श्री वीरेन्द्र हमाल | सदस्य |
| ७. | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख संगिता कुमारी बपाल | सदस्य |
| ८. | सञ्चारकर्मी श्री सरिता चलाउने रेडियो शारदा एफ एमसल्यान . | सदस्य |
| ९. | सञ्चारकर्मी श्री विप्लव महर्जन (कान्तिपुर दैनिक) | सदस्य |
| १०. | बालक्लबको तर्फबाट बालिका वोनिका महर्जन महेन्द्ररत्न मा वि पिपलनेटा | सदस्य |
| ११. | बालक्लबको तर्फबाट बालक भानुभक्त खड्का त्रि ज मा वि लुहापिङ्ग | सदस्य |
| १२. | अपाङ्गता भएका बालक श्री विनोद मिजार शिवजन मा वि शितलपाटी | सदस्य |
| १३. | अपाङ्गता भएका बालिका श्री विष्णु नेपाली शिवजन मा वि शितलपाटी | सदस्य |
| १४. | अपाङ्गता भएका बालबालिकाको अभिभावक महिला श्री सीता मल्ल | सदस्य |
| १५. | बालिका तथा समावेशी क्षेत्रमा क्रियाशील संस्था श्री दलित विकास समाज | सदस्य |
| १६. | महेन्द्र रत्न मा. वि. हिवल्चाका वि. व्य. स. का अध्यक्ष श्री दिपक कुमार शर्मा | सदस्य |
| १७. | प्रधानाध्यापक श्री प्रकाश हमाल महेन्द्ररत्न माध्यमिक विद्यालय शापा ४.न. | सदस्य |
| १८. | विशेष विद्यालय वा श्रोत कक्षा सञ्चालन भएका विद्यालयको प्र. अ. जीवन कुमारी रावत शिवजन मा वि शितलपाटी | सदस्य |
| १९. | शिक्षक अभिभावक संघको तर्फबाट चन्द्र वि क त्रि ज मा वि मार्के | सदस्य |

**कार्यपालिका बैठक मिति २०८१ फाल्गुन ११ गते**

ओमप्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

२०. अधिकृत प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय, सल्यान — सदस्य
२१. विद्यालय शिक्षक श्री कृष्ण बहादुर वली — सदस्य
२२. माध्यमिक विद्यालय छात्रा त्रि ज मा वि लुहापिङ्ग अनु खड्का — सदस्य
२३. शिक्षा शाखा प्रमुख — सदस्य सचिव

**निर्णय नं. ११**

शारदा नगरपालिका आन्त्रिक नियन्त्रण प्रणाली निर्देशिका, २०८१ को दफा २० बमोजिम तपसीलका पदाधिकारी रहेको आन्त्ररिक नियन्त्रण प्रणाली अनुगमन समिति गठन गर्ने निर्णय गरियो।

१. नगर प्रमुख श्री प्रकाश भण्डारी — संयोजक
२. नगर उपप्रमुख श्री सुस्मिता सापकोटा सुनार — सदस्य
३. सुशासन तथा संस्थागत विकास समितिका संयोजक श्री प्रदिप शाही — सदस्य
४. कार्यपालिकाको सदस्य श्री प्राण कुमार राई — सदस्य
५. कार्यपालिकाको सदस्य श्री भगवती बोहरा — सदस्य
६. आर्थिक प्रशासन शाखा प्रमुख श्री श्याम बहादुर सिंह — सदस्य
७. वरिष्ठ आन्तरिक लेखापरीक्षण अधिकृत श्री चन्द्र प्रसाद शर्मा — सदस्य सचिव

**निर्णय नं. १२**

यस शारदा नगरपालिका, सल्यान र तार्केश्वर नगरपालिका, काठमाण्डौ बीच भएको भगिनी सम्बन्ध स्वरुप तार्केश्वर नगरपालिकाबाट यस नगरपालिकालाई एम्बुलेन्स खरीदका लागि यस आर्थिक वर्षमा विनियोजित रकमबाट एम्बुलेन्स खरीदका लागि मिति २०८१/०८/०६ मा भएको सूचना बमोजिम आवेदन गरेका मध्य लागत प्रोदभावी रहेको अम्नी इन्कर्पोरेटेड, काठमाण्डौलाई कबोल अंक रु. २०,०८,१००/-(अक्षेरुपी बीस लाख आठ हजार एक सय मात्र) सवारी साधन खरीद शीर्षकबाट अग्रिम भुक्तानी दिने र उक्त रकम शोधभर्ना तथा प्राविधिकबाट प्राप्त लागत अनुमानको आधारमा एम्बुलेन्स डेकोरेशन वापत लाग्ने रकम निकासाका लागि तार्केश्वर नगरपालिकालाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. १३**

नगर कार्यपालिकाको ३९ औं बैठकले दिएको सैद्धान्तिक सहमति अनुसार **क्रियटिभ मिडिया एण्ड रिसर्च कनसल्टेन्सी, काठमाण्डौ**ले पेश गरेको कृषि विकास रणनीतिक गुरुयोजनाको प्रारम्भिक प्रतिवेदन र प्रस्तुती बैठकमा पेश भई प्राप्त सुझाव सहित स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. १४**

शारदा नगरपालिकाको निमन्त्रणा तथा सरकारी कामको शिलशिलामा विभिन्न समयमा यस नगरपालिकाको भ्रमणमा आउने पाहुनाहरुलाई एलिसा होटेल बरालामा खाना, खाजा तथा बास व्यवस्थापन गर्दा पालिकाको नाममा आएको विविध खर्च वापतको बील रकम रु. ३ लाख सचिवालय व्यवस्थापन खर्चबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. १५**

यस नगरपालिकाको मिति २०८१ कार्तिक १३ गतेको निर्णय बमोजिम खरिद प्रक्रियामा रहेको एम्बुलेन्स सञ्चालनको लागि अनुमति माग गर्न जिल्ला एम्बुलेन्स समितिमा राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ को दफा ११ को उपदफा २ (ञ)



ओमप्रकाश पेन्टकोटा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

बमोजिम अनुरोध गर्ने तथा खलंगा स्वास्थ्य चौकीको नाममा हालसम्म राजश्व छुटको सुविधा नलिएकोले दफा १३ बमोजिम राजश्व छुटका लागि तालुक निकायमा आवश्यक कागजात पेश गर्ने र सो कार्यमा सहजीकरणका लागि स्वास्थ्य शाखा प्रमुख वीरेन्द्र हमाललाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. १६**

यस नगरपालिकालाई आवश्यक ट्रयाक्टर चालक १ एकका लागि सूचना प्रकाशन गरी माग गरिएकोमा आवेदन गर्ने उम्मेदवार तोकिएको परीक्षा समयमा सामेल नभएको भनी प्रशासन शाखाबाट प्राप्त विवरणका आधारमा १ एक जना ट्रयाक्टर चालक हाललाई ज्यालादारी करारमा भर्ना गर्न साथै त्यसैगरी कार्यालय सहयोगीको लागि विज्ञापन भए वार्ड नं ३ मा कार्यरत कार्यालय सहयोगी श्री सेवक शर्माले जागरिबाट राजीनामा दिएकोले सो पदमा पनि हाललाई ज्यालादारी करारमा कार्यालय सहयोगी संख्या १ एक भर्ना गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. १७**

संघीय शसर्त अनुदान तर्फको किसान सूचीकरण कार्यक्रमका किसान सूचीकरण कार्यान्वयन कार्यविधि, २०७७ बमोजिम यस आर्थिक वर्ष २०८१/८२ मा वडा नम्बर २, ३, ४, ५, ८, ९, १०,११ र १५ मा सञ्चालन गर्ने निर्णय गरियो ।

ओमप्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत



CamScanner